# अर्थ बुलेटिन

वर्ष ७ अंक २

भदौ, २०८२

## नेपाल सरकार
## अर्थ मन्त्रालय



### सम्पादकीय

- कुल संघीय खर्चमा ३१.० प्रतिशतले वृद्धि भएको छ भने राजस्व परिचालनमा ५.३ प्रतिशतले कमी आएको छ।
- कुल वस्तु निर्यात उच्च दरले वृद्धि भएको छ। वस्तु आयात पनि १६.२३ प्रतिशतले वृद्धि हुँदा व्यापार घाटामा ८.५९ प्रतिशतले वृद्धि भएको छ। निर्यात-आयात अनुपातका साथै कुल व्यापारमा निर्यातको अंश समेत वृद्धि भएको छ।
- व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या बढेसँगै करको दायरा विस्तार भएको छ।
- वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति घटेको छ।
- वैदेशिक रोजगारमा जाने कामदारको कुल संख्या (नयाँ र पुनः श्रम स्वीकृति लिई) गत वर्षको तुलनामा वृद्धि भएको छ। साथै विप्रेषण आप्रवाहमा समेत वृद्धि भएको छ। पर्यटन आगमनमा भने सिमान्त दरले कमी आएको छ। चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा छन्। फलस्वरुप, विदेशी मुद्रा सञ्चिति समेत बढेको छ। सञ्चिति पर्याप्तता सूचकाँकमा उल्लेख्य सुधार आएको छ।
- जेन जी आन्दोलनको असर बीचमा पनि आर्थिक कृयाकलापको निरन्तरतासँगै समष्टिगत आथिक परिसूचकहरु सकारात्मक रहेका छन्। सार्वजनिक ऋणलाई परियोजनामा आधारित भई लगानी गर्न शुरु गरिएको छ। जसले आर्थिक वृद्धि, रोजगारी सिर्जना र उत्पादन वृद्धिमा योगदान दिने अपेक्षा गरिएको छ। यद्यपि, आयकर सङ्कलन वृद्धिदर नकारात्मक रहेकोले करको दायरा

**प्रकाशन तथा सम्पादन**

आर्थिक नीति विश्लेषण महाशाखा

सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. सार्वजनिक खर्च वृद्धि भएको छ। आर्थिक वर्ष २०८२/८३ को भदौ महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. १ खर्ब ३७ अर्ब ५५ करोड २७ लाखको तुलनामा ३१.० प्रतिशतले वृद्धि भई रु.१ खर्ब ८० अर्ब १७ करोड ८० लाख पुगेको छ।

२. चालु आर्थिक वर्षको भदौसम्मको कुल खर्च मध्ये चालु खर्च ६३.४ प्रतिशत, ३.५ प्रतिशत र ३३.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो खर्च क्रमशः ६०.३ प्रतिशत, १०.८ प्रतिशत र २८.८ प्रतिशत रहेको थियो।

३. वित्तीय व्यवस्था तर्फको खर्चमा वृद्धि हुदै गएको छ। यस अवधिको चालु खर्च र वित्तीय व्यवस्था तर्फको खर्चमा क्रमशः ३७.६ प्रतिशत र ५०.३ प्रतिशतले वृद्धि भएको छ भने पूँजीगत खर्चमा ५७.३ परतिशतले कमी आएको छ। गत आर्थिक वर्षको भदौ महिनामा अघिल्लो आर्थिक वर्ष भुक्तानी नभएको रकम निकासा हुँदा पूँजीगत तर्फको खर्चको हिस्सा उच्च भएको थियो।


**तालिका (क): पछिल्लो ५ वर्षको भदौसम्मको खर्चको स्थिति (रु. करोडमा)**

| क्र.सं./आ.व. | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| चालु | ५८५९.४८ | १०,८७३.१३ | ८७६६.३५ | ८२९८.६५ | ११४१८.७२ |
| पूँजीगत | २६०.८७ | ५८६.०५ | ८१६.३९ | १४८९.४ | ६३५.३३ |
| वित्तीय व्यवस्था | २८७३.२३ | १,९७४.७५ | ३५३१.३९ | ३९६७.२२ | ५९६२.९९ |
| **कुल** | **८९९३.५८** | **१३४३३.९३** | **१३११४.१३** | **१३७५५.२७** | **१८०१७.०४** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

४. पछिल्ला वर्षमा वित्तीय व्यवस्था तर्फको खर्चमा वृद्धि हुँदै आएको छ। संघीयता कार्यान्वयन, कोभिड-१९ सङ्क्रमण, जाजरकोट भूकम्प लगायतका घटनाक्रम पुनरुत्थानको लागि ठूलो परिमाणमा रकम आवश्यक पर्दा लिइएको ऋण रकमको भुक्तानी गरिएकोले वित्तीय व्यवस्था तर्फको खर्चमा वृद्धि भएको हो।

**चार्ट (क) पछिल्लो पाँच आर्थिक वर्षको भदौसम्मको चालु पूँजीगत र वित्तीय व्यवस्था तर्फको खर्चको हिस्सा (कुल खर्चको अनुपातमा)**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

५. चालु आर्थिक वर्षको पहिलो दुई महिनाको खर्चलाई आधार मान्दा भदौ महिनामा मात्र कुल खर्चको ७४.३ प्रतिशत खर्च भएको छ। उक्त महिनामा कर्मचारीको चाडपर्व खर्च भुक्तानी हुँदा यस्तो खर्चको हिस्सा उच्च भएको हो।

**तालिकाः (ख) चालु आर्थिक वर्षको भदौसम्मको मासिक खर्चको विवरण (रु. करोडमा)**

| महिना | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | १८४७.९८ | ७२.६३ | २७१०.०० | ४६३०.६१ | ०.२५७ |
| भदौ | ९५७०.७४ | ५६२.७० | ३२५२.९९ | १३३८६.४३ | ०.७४३ |
| **जम्मा** | ११४१८.७२ | ६३५.३३ | ५९६२.९९ | १८०१७.०४ | १.००० |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

## राजस्व परिचालन

६. चालु आर्थिक वर्षको पहिलो दुई महिनामा राजस्व सङ्कलन घटेको छ। आर्थिक वर्ष २०८२/८३ को भदौ महिनासम्म संघीय सरकारको कुल राजस्व परिचालन गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्व रु. १ खर्ब ६६ अर्ब ३८ करोड ७६ लाखको तुलनामा ५.३ प्रतिशतले न्यून भई रु. १ खर्ब ५७ अर्ब ५३ करोड ३४ लाख रहेको छ। गैरकर राजस्व सङ्कलनमा उच्च दरले कमी आउँदा राजस्व सङ्कलन घटेको हो। तथापी, यस अवधिमा कर राजस्व सङ्कलनमा भने ३.६ प्रतिशतले वृद्धि भएको छ।

७. कुल राजस्वमा कर राजस्वको अंश ९५.५ प्रतिशत र गैरकरको अंश ४.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको भदौ महिनामा सङ्कलित राजस्वमा यस्तो हिस्सा क्रमशः ८७.३ प्रतिशत र १२.७ प्रतिशत रहेको थियो। यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. १ खर्ब ५८ अर्ब ७१ करोड १६ लाख रहेको छ।


**तालिका (ख): पछिल्लो ५ आर्थिक वर्षको पहिलो दुई महिनाको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**

| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| कर | १४८५६.०० | १३०७०.३६ | १२७९५.६८ | १४५१९.३३ | १५०४०.१३ |
| गैरकर | २००१.७६ | १३१०.८० | १३१२.०५ | २११९.४३ | ७१३.२१ |
| **जम्मा** | १६८५७.७६ | १४३८१.१६ | १४१०७.७२ | १६६३८.७६ | १५७५३.३४ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

८. आर्थिक वर्ष २०७८/७९ को भदौसम्ममा ५८.६ प्रतिशतले वृद्धि भएको राजस्व आर्थिक वर्ष २०७९/८० मा १४.५ प्रतिशतले घटेको थियो। तत्पश्चातका वर्षमा क्रमशः सुधार हुँदै आर्थिक वर्ष २०८१/८२ को भदौ महिनामा राजस्व वृद्धिदर १७.९ प्रतिशत रहे तापनि आर्थिक वर्ष २०८२/८३को भदौसम्म राजस्व संकलनमा केही ह्रास आएको छ।


**चार्ट (क): पछिल्लो ५ आर्थिक वर्षको पहिलो दुई महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)**



स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

९. चालु आर्थिक वर्षको पहिलो दुई महिनाको कुल राजस्वमा मूल्य अभिवृद्धि करको हिस्सा सबैभन्दा बढी ३३.१ प्रतिशत रहेको छ भने शिक्षा सेवा शुल्कको हिस्सा सबैभन्दा कम ०.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको भदौसम्ममा उक्त शीर्षकको राजस्वको हिस्सा क्रमश ३०.२ प्रतिशत र ०.४ प्रतिशत रहेको थियो।

**चार्ट (ख): पछिल्लो २ आर्थिक वर्षको भदौ महिनासम्म सङ्कलित राजस्वको संरचना**




स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

१०. चालु आर्थिक वर्षको पहिलो दुई महिनामा गैरकर राजस्व सङ्कलन उच्च दरले घटेको छ। यस अवधिमा आयकर तथा ब्याजकर सङ्कलनमा समेत कमी आएको छ। अन्य शीर्षकका राजस्व सङ्कलनमा वृद्धि भएको छ।

११. चालु आर्थिक वर्षको भदौसम्म सङ्कलित कुल कर राजस्वमध्ये भन्सार बिन्दुमा सङ्कलन हुने राजस्वको हिस्सा ४९.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त राजस्वको हिस्सा ४७.१ प्रतिशत रहेको थियो।

**तालिका (ग): पछिल्लो दुई आर्थिक वर्षको भदौसम्मको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**

| कर शीर्षक | २०८२/८३ को वार्षिक लक्ष्य | २०८१/८२ भदौसम्मको सङ्कलन | २०८२/८३ भदौसम्मको लक्ष्य | भदौसम्मको सङ्कलन | लक्ष्यको तुलनामा असूली | वार्षिक लक्ष्यको तुलनामा | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | ३०,७३६.२३ | ३,२९२.३० | ४,६६२.२९ | ३,५३९.१० | ७५.९ | ११.५ | ७.५ |
| **मूल्य अभिवृद्धि कर** | ३८,६५२.०० | ५,०१७.०१ | ६,४१०.१७ | ५,२१४.५३ | ८१.३ | १३.५ | ३.९ |
| उत्पादन, बिक्री, सेवा | १६,४३६.६६ | २,२२०.३३ | २,६१३.६२ | २,२५८.५३ | ८६.४ | १३.७ | १.७ |
| पैठारी | २२,२१५.३४ | २,७९६.६८ | ३,७९६.५५ | २,९५६.०० | ७७.९ | १३.३ | ५.७ |
| **अन्त:शुल्क** | १९,४९६.१६ | २,५३१.६२ | ३,०५२.१२ | २,८९५.११ | ९४.९ | १४.८ | १४.४ |
| आन्तरिक उत्पादन | १४,१८०.५८ | १,७७५.८० | २,०८९.७० | २,०१५.५३ | ९६.५ | १४.२ | १३.५ |
| पैठारी | ५,३१५.५८ | ७५५.८२ | ९६२.४२ | ८७९.५८ | ९१.४ | १६.५ | १६.४ |
| **शिक्षा सेवा शुल्क** | ४६५.७६ | ६५.०१ | ८६.३१ | ८५.४० | ९८.९ | १८.३ | ३१.४ |
| **आयकर** | ३९,०७०.८१ | ३,६१३.३९ | ५,०५९.९८ | ३,३०५.९९ | ६५.३ | ८.५ | (८.५) |

| कर शीर्षक | २०८२/८३ को वार्षिक लक्ष्य | २०८१/८२ भदौसम्मको सङ्कलन | २०८२/८३ भदौसम्मको लक्ष्य | भदौसम्मको सङ्कलन | लक्ष्यको तुलनामा असूली | वार्षिक लक्ष्यको तुलनामा | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| आयकर | ३४,०६२.३० | २,८४६.२६ | ३,७५१.२४ | २,६६५.२९ | ७१.१ | ७.८ | (६.४) |
| ब्याज कर | ५,००८.५१ | ७६७.१३ | १,३०८.७५ | ६४०.७० | ४९.० | १२.८ | (१६.५) |
| **कर राजस्व जम्मा** | **१२८,४२०.९६** | **१४,५१९.३३** | **१९,२७०.८७** | **१५,०४०.१३** | **७८.०** | **११.७** | **३.६** |
| **गैर कर जम्मा** | **१३,५०९.३४** | **२,११९.४३** | **२,५७५.००** | **७१३.२१** | **२७.७** | **५.३** | **(६६.३)** |
| **कूल राजस्व** | **१४१,९३०.३०** | **१६,६३८.७६** | **२१,८४५.८७** | **१५,७५३.३४** | **७२.१** | **११.१** | **(५.३)** |
| **अन्य प्राप्ति** | **-** | **३१३.०३** | **-** | **११७.८२** | **-** | **-** | **(६२.४)** |
| **जम्मा राजस्व/प्राप्ति** | **१४१,९३०.३०** | **१६,९५१.७९** | **२१,८४५.८७** | **१५,८७१.१६** | **७२.७** | **११.२** | **(६.४)** |

स्रोत: अर्थ मन्त्रालय।

#भन्सार महशुल अन्तर्गत पैठारी, निकासी, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

१२. चालु आर्थिक वर्षको भदौसम्म सङ्कलित कुल राजस्वमा आय कर र गैर कर राजस्व बाहेक अन्य शीर्षकमा सङ्कलित राजस्वको हिस्सा बढेको छ। गत आर्थिक वर्षमा गैरकर राजस्व सङ्कलनमा उच्च दरले वृद्धि हुँदा कुल राजस्वमा अन्य शीर्षकका राजस्वको हिस्सा कम भएको थियो। चालु आर्थिक वर्षको भदौसम्म भने कुल राजस्वमा गैरकरको हिस्सा ४ प्रतिशत रहेको छ।

१३. यस अवधिमा शिक्षा सेवा शुल्क सङ्कलन लक्ष्यभन्दा बढी भएको छ। यस अवधिको कुल राजस्व लक्ष्यको ६८.२ प्रतिशत सङ्कलन भएको छ भने वार्षिक लक्ष्यको ५.७ प्रतिशत राजस्व सङ्कलन भएको छ।

## संघीय राजस्व

१४. चालु आर्थिक वर्षको पहिलो दुई महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. १ खर्ब ४९ अर्ब १४ करोडको तुलनामा ८.१ प्रतिशतले कमी आई रू. १ खर्ब ३७ अर्ब २ करोड रहेको छ। यस अवधिमा मूल्य अभिवृद्धि कर र आन्तरिक तर्फको अन्तःशुल्क सङ्कलन दुवैमा वृद्धि भएका कारण प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व भने ६.४ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा संघीय राजस्व र प्रदेश तथा स्थानीय तहमा बाँडफाँट हुने कर राजस्वमा क्रमशः ९.५ प्रतिशत र १२.८ प्रतिशतले वृद्धि भएको थियो।

## करको दायरा विस्तार

१५. २०८२ भदौसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ७१ लाख ३२ हजार १ सय ५९ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको संख्या ७०.३ प्रतिशत रहेको छ। व्यावसायिक स्थायी लेखा नम्बर लिने कर दाताको संख्या २९.२ प्रतिशत रहेको छ भने करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बरको संख्या ०.५ प्रतिशत रहेको छ। यस अवधिसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ५७ हजार १ सय ३६ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख २७ हजार ५ सय ६० पुगेको छ।

**तालिका (घ): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०८२ असारसम्म | २०८१ भदौसम्म थप | २०८२ भदौसम्म थप | जम्मा करदाता संख्या |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (B-PAN) | २०६०७५८ | २१९०५ | २२४१४ | २०८३१७२ |
| करकट्टी गर्ने निकायले लिएको स्था.ले.नं (WPAN) | ३५८७० | ५५५ | ३६८ | ३६२३८ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN) | ४९०२७२२ | १२३८९८ | ११००२७ | ५०१२७४९ |
| **जम्मा स्थायी लेखा नम्बर** | **६९९९३५०** | **१४६३५८** | **१३२८०९** | **७१३२१५९** |
| मूल्य अभिवृद्धि कर (VAT) | ३५१७३५ | ४९१४ | ५४०१ | ३५७१३६ |
| अन्तःशुल्क (Excise) | १२४९९७ | २५४२ | २५६३ | १२७५६० |

स्रोत: आन्तरिक राजस्व विभाग ।


#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहायता

१६. चालु आर्थिक वर्षको भदौसम्म वैदेशिक सहायता प्रतिवद्धता रु. २ अर्ब ७३ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो प्रतिवद्धता रु. ३७ अर्ब १८ करोड रहेको थियो। कुल सहायता प्रतिवद्धतामध्ये शतप्रतिशत अनुदान रहेको छ।

१७. कुल सहायता प्रतिवद्धतामध्ये ५४.० प्रतिशत रकम कर्णाली र सुदूरपश्चिम प्रदेशको स्थानीय तह विकासमा प्राप्त भएको छ।चीन सरकारले स्वास्थ्य क्षेत्र र मानव संशाधन विकास क्षेत्रमा थप सहायता गर्ने प्रतिवद्धता जनाएको छ।

**चार्ट (ग): चालु आर्थिक वर्षको भदौसम्म प्राप्त विकास सहायता प्रतिवद्धता**




स्रोतः अर्थ मन्त्रालय।

## ऋण

१८. कुल तिर्नबाँकी सार्वजनिक ऋण वृद्धि भएको छ। २०८२ भदौसम्म संघीय सरकारको तीर्न बाँकी सार्वजनिक ऋण गत वर्षको भदौ मसान्तको तुलनामा ८.५ प्रतिशतले वृद्धि भई रू. २७ खर्ब ४३ अर्ब ३७ करोड पुगेको छ। कुल ऋणमध्ये आन्तरिक ऋण र बाह्य ऋणको हिस्सा क्रमशः ४६.७ प्रतिशत र ५३.३ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा उक्त हिस्सा क्रमशः ४८.९ प्रतिशत र ५१.१ प्रतिशत रहेको थियो।

१९. चालु आर्थिक वर्षको भदौसम्म संघीय सरकारले आन्तरिक ऋणतर्फ रु. ५६ अर्ब ४० करोड र बाह्य ऋणतर्फ रु. ८ अर्ब ६७ करोड गरी कुल रु. ६५ अर्ब ७ करोड सावाँ भुक्तानी गरेको छ। यस अवधिमा आन्तरिक ऋण तर्फ रु. ११ अर्ब २८ करोड र बाह्य ऋणतर्फ रु. २ अर्ब ३३ करोड गरी कुल रु. १३ अर्ब ६१ करोड ब्याज भुक्तानी गरेको छ।

२०. 2082 को भदौ महिनासम्म संघीय सरकारले आन्तरिक ऋण रु.70 अर्ब र बाह्य ऋण रु. 9 अर्ब 16 करोड (विनिमयदर घटबढबाट सिर्जित समेत) गरी कुल रु. 79 अर्ब 16 करोड ऋण प्राप्त गरेको छ।

## वित्तीय क्षेत्र

२१. बैंक तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप बढेको छ। २०८२ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप ०.५ प्रतिशतले बढी रु. ७२ खर्ब ९६ अर्ब ७४ करोड पुगेको छ। गत आर्थिक वर्षको भदौ मसान्तमा यस्तो निक्षेप ०.५ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८२ भदौ मसान्तमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप १२.५ प्रतिशतले वृद्धि भएको छ।

२२. निजी क्षेत्रतर्फ भएको कर्जा प्रवाह बढेको छ। २०८२ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ०.९ प्रतिशतले बढी कुल कर्जा रु. ५५ खर्ब ४६ अर्ब ९४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जामा १.४ प्रतिशतले वृद्धि भएको थियो। वार्षिक बिन्दुगत आधारमा २०८२ भदौ मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ७.८ प्रतिशतले बढेको छ।

२३. २०८२ भदौ मसान्तमा २० वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी कुल १०७ बैङ्क तथा बित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन्। बैङ्क तथा बित्तीय संस्थाको शाखा सङ्ख्या २०८१ भदौ मसान्तमा ११ हजार ५ सय ३३ रहेकोमा २०८२ भदौ मसान्तमा ११ हजार ५ सय १२ कायम भएको छ। यस अवधिमा एटिम बुथ सङ्ख्या ८७ थप भई ५,२९२ पुगेको छ।

२४. ब्याजदर घटेको छ। २०८१ भदौमा वाणिज्य बैंकको निक्षेप तथा कर्जाको औसत ब्याजदर क्रमशः ५.५३ प्रतिशत र ९.५२ प्रतिशत रहेकोमा २०८२ भदौमा उक्त ब्याजदर क्रमशः ३.९६ प्रतिशत र ७.६६ प्रतिशतमा झरेको छ।

२५. बैंकहरुको निष्कृय कर्जा वृद्धि भएको छ। २०८१ भदौमा कुल कर्जाको ३.८६ प्रतिशत रहेको निष्कृय कर्जा २०८२ भदौमा ४.६२ प्रतिशत पुगेको छ।

## समग्र मूल्य स्थिति

२६. २०८२ भदौ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १.८७ प्रतिशत रहेको छ। 20८१ भदौमा यस्तो मुद्रास्फीति ३.८६ प्रतिशत रहेको थियो।

२७. खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति नकारात्मक रहेको छ। २०८२ भदौमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति १.३४ प्रतिशत ऋणात्मक र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.७० प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ५.०६ प्रतिशत र ३.१९ प्रतिशत रहेको थियो ।

## मुद्राप्रदाय

२८. आर्थिक वर्ष २०८२/३ को दुई महिनामा विस्तृत मुद्राप्रदाय ०.३ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ०.४ प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८२ भदौ मसान्तमा विस्तृत मुद्राप्रदाय १२.४ प्रतिशतले बढेको छ ।

## बीमा क्षेत्र

२९. बीमा क्षेत्रका परिसूचक सकारात्मक छन्। चालु आर्थिक वर्षको भदौसम्म सक्रिय बीमालेख सङ्ख्या १५.६२ प्रतिशतले वृद्धि भई १ करोड ५९ लाख ३६ हजार ७ सय ७१ पुगेको छ। यस अवधिमा निर्जीवन बीमालेख सङ्ख्या समेत ४.२१ प्रतिशतले वृद्धि भएको छ। कुल बीमालेख सङ्ख्या मध्ये जीवन बीमाको हिस्सा ९७ प्रतिशत रहेको छ।

३०. २०८२ भदौसम्म म्यादी, लघु म्यादि र वैदेशिक रोजगार बीमालेख सहित बीमाको दायरामा आएको जनसङ्ख्या ४९.१९ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या ४२.९२ प्रतिशत रहेको थियो।


३१. आर्थिक वर्ष २०८२/८३ को भदौ सम्म सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १६.४९ प्रतिशतले वृद्धि भई रु. ४४ अर्ब २८ करोड ३३ लाख पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त रकम रू. ३८ अर्ब १ करोड ५० लाख रहेको थियो।

३२. यस अवधिको बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ८१.३ प्रतिशत र १८.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको भदौसम्म उक्त हिस्सा क्रमशः ७९.३ प्रतिशत र २०.७ प्रतिशत रहेको थियो।

## पूँजी बजार

३३. २०८२ भदौ मसान्तमा नेप्से सूचकाङ्क २६७२.२५ विन्दुमा रहेको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण ८.९ प्रतिशतले वृद्धि भई रु. ४४ खर्ब ६७ अर्ब ३० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु. ४१ खर्ब ३ अर्ब ६२ करोड रहेको थियो।


**चार्ट (घ): पछिल्लो ५ वर्षको भदौ मसान्तको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

३४. २०८२ भदौ महिनाको १ गते २७६१.२३ विन्दुमा रहेको नेप्से सूचकाङ्क विभिन्न आरोह अवरोहका बीच महिनाको अन्तिम कारोवार भएको दिन भदौ २३ गते २६७२.२५ विन्दुमा झरेको छ। यस महिनामा नेप्से सबैभन्दा बढी २८१९.११ बिन्दुमा पुगेको थियो। जेन्जी आन्दोलनको कारण भदौ २३ पछिका दिनमा कारोवार रोकिएको थियो।

### चार्ट (ङ): २०८२ भदौ महिनाको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

## बाह्य क्षेत्र

३५. चालु आर्थिक वर्षको भदौसम्म कुल वस्तु व्यापार २२.५४ प्रतिशतले वृद्धि भई रु. ३ खर्ब ५२ अर्ब ४७ करोड पुगेको छ। वस्तु आयात र वस्तु निर्यात दुवै बढेका छन्। चालु आर्थिक वर्षको भदौसम्म वस्तु निर्यातमा उच्च वृद्धि भएको छ। जसले गर्दा निर्यात आयात अनुपात १५.५ प्रतिशत र कुल व्यापारमा निर्यातको अंश १३.४ प्रतिशत पुगेको छ। सीमित वस्तुको निर्यातमा उच्चदरले वृद्धि भएकोले निर्यातको विविधिकरण र यसको दिगोपनाको लागि पहल गर्नुपर्ने देखिन्छ।

**तालिका (ङ): पछिल्लो पाँच आर्थिक वर्षको भदौसम्मको वस्तु व्यापारको विवरण (मूल्य रु. करोडमा)**

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| वस्तु आयात | ३१४५१.५७ | २७३५९.७४ | २५९७४.९९ | २६२५४.२४ | ३०५१५.२४ |
| वस्तु निर्यात | ४४०३.९६ | २८६८.०१ | २६४४.६३ | २५०९.२७ | ४७३१.६७ |
| **कुल व्यापार** | **३५८५५.५३** | **३०२२७.७५** | **२८६१९.६२** | **२८७६३.५१** | **३५२४६.९१** |
| व्यापार घाटा | २७०४७.६१ | २४४९१.७३ | २३३३०.३६ | २३७४४.९७ | २५७८३.५७ |
| निर्यात आयात अनुपात (प्रतिशतमा) | १४.० | १०.५ | १०.२ | ९.६ | १५.५ |
| कुल व्यापारमा निर्यातको अंश (प्रतिशतमा) | १२.३ | ९.५ | ९.२ | ८.७ | १३.४ |
| कुल व्यापारमा आयातको अंश (प्रतिशतमा) | ८७.७ | ९०.५ | ९०.८ | ९१.३ | ८६.६ |

स्रोतः भन्सार विभाग।

## वस्तु निर्यात

३६. आर्थिक वर्ष २०८२/८३ को पहिलो दुई महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८८.५७ प्रतिशतले वृद्धि भई रु. ४७ अर्ब ३१ करोड ६७ लाख पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात रु. २५ अर्ब ९ करोड २७ लाख रहेको थियो। चालु आर्थिक वर्षको भदौसम्म भटमासको प्रशोधित तेल, सुर्यमुखिको प्रशोधित तेल र प्रशोधित पाम तेलको निर्यात उच्च दरले बढेको छ भने अलैची, जुटका बुनिएका कपडा लगायतका वस्तुको निर्यातमा वृद्धि भएको छ। यस अवधिमा उनी गलैंचा कार्पेट, तयारी कपडा, सेन्थेटिक यार्न, फलफुलको जुस लगायतका वस्तुको निर्यात घटेको छ।

३७. भारततर्फ हुने निर्यातको अंश बढेको छ। छ। आर्थिक वर्ष २०८२/८३ को पहिलो दुई महिनामा भएको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशतर्फ भएको निर्यातको अंश क्रमशः ८१.१ प्रतिशत, ०.३ प्रतिशत र १८.७ प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ६३.७ प्रतिशत, १.२ प्रतिशत र ३५.१ प्रतिशत रहेको थियो।

३८. यस अवधिमा भारततर्फको निर्यात उच्च दरले बढेको छ। चीनतर्फको निर्यात ५८.५ प्रतिशतले घटेको छ भने अन्य मुलुकतर्फ भएको निर्यात सिमान्त दरले बढेको छ।

तालिका (च) : पछिल्लो दुई आर्थिक वर्षको भदौसम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)

| वस्तु | २०८१/८२ | २०८२/८३ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल प्रशोधित | १४.४२ | २०४२.०२ | १४०६१.० |
| सेन्थेटिक यार्न | २११.९ | २०२.३५ | -४.५ |
| तयारी कपडा | १६८.९१ | १६०.१२ | -५.२ |
| उनी गलैंचा कार्पेट | १९९.९६ | १५८.५४ | -२०.७ |
| सुर्यमुखिको प्रशोधित तेल | १.५६ | १३८.४७ | ८७७६.३ |
| प्रशोधित पाम तेल | ३२.५७ | १३६.२६ | ३१८.४ |
| फलफुलको जुस | १२९.२५ | १२४.१५ | -३.९ |
| जमोठ कपडा | ११५.१८ | १२२.२४ | ६.१ |
| जुटका बुनिएका कपडा | ७९.४१ | १११.१४ | ४०.० |
| अलैची | ५९.७४ | ८५.९६ | ४३.९ |
| कुल | १,०१२.९० | ३,२८१.२५ | २२३.९ |
| अन्य | १,४९६.३८ | १,४५०.४२ | -३.१ |
| **जम्मा** | **२,५०९.२८** | **४७३१.६७** | **८८.६** |

स्रोतः भन्सार विभाग ।

## वस्तु आयात

३९. चालु आर्थिक वर्ष २०८१/८२ को भदौसम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १६.२३ प्रतिशतले वृद्धि भई रु. ३ खर्ब ५ अर्ब १५ करोड २४ लाख पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात १.१ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ६२ अर्ब ५४ करोड २३ लाख रहेको थियो।

४०. चालु आर्थिक वर्षको भदौसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा भटमासको कच्चा तेल र डीए पी मलको आयात उच्च दरले बढेको छ। साथै, मोटर साइकल (अन एसेम्वल्ड), मोवाइल टेलिफोन, डिजेल लगायतका वस्तुको आयात बढेको छ। यस अवधिमा तयारी कपडा, पेट्रोल लगायतका वस्तुको आयात घटेको छ।

४१. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ५६.९ प्रतिशत, २१.४ प्रतिशत र २१.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः क्रमशः ६१.२ प्रतिशत, १९.८ प्रतिशत र १९.० प्रतिशत रहेको थियो।

४२. यस अवधिमा भारत, चीन र अन्य देशहरूतर्फको आयातमा क्रमशः ८.० प्रतिशत, २५.१ प्रतिशत र ३३.४ प्रतिशतले वृद्धि भएको छ।

तालिका (छ) : पछिल्लो दुई आर्थिक वर्षको भदौसम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)


| वस्तु | २०८१/८२ | २०८२/८३ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल कच्चा | २३३.०१ | २१६४.८ | ८२९.१ |
| डिजेल | १३६४.५३ | १४९१.९ | ९.३ |
| डीए पी मल | १७९.४७ | १३६६.२ | ६६१.२ |
| पेट्रोल | ११०६.५२ | १०५८.४ | -४.४ |
| एल पि ग्यास | ९४२.५७ | ९४३.४ | ०.१ |
| मोवाइल टेलिफोन | ७०६.८२ | ८९८.६ | २७.१ |
| एच.आर.सिट | ७८४.८३ | ७९२.१ | ०.९ |
| शुद्ध फलाम | ७७४.२९ | ७७५.३ | ०.१ |
| मोटर साइकल(अन एसेम्वल्ड) | ३९३.२६ | ६५४.१ | ६६.३ |
| तयारी कपडा | ७६५.३ | ६१९.१ | -१९.१ |
| अन्य | १९,००३.६३ | १९,७५१.४२ | ३.९ |
| **जम्मा** | **२६२५४.२३** | **३०५१५.२** | **१६.२** |

स्रोतः भन्सार विभाग ।

## व्यापार घाटा

४३. आर्थिक वर्ष २०८२/८३ को भदौसम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८.६ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ५७ अर्ब ८४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा १.८ प्रतिशतले वृद्धि भएको थियो।


चार्ट (च): पछिल्लो ५ आर्थिक वर्षको भदौसम्मको वस्तु व्यापार घाटाको स्थिति (रु. अर्बमा)




स्रोत: भन्सार विभाग।

४४. कुल वस्तु व्यापारमा निर्यातको अंश बढेको छ। चालु आर्थिक वर्षको भदौसम्मको कुल व्यापारमा निर्यातको हिस्सा १३.४ प्रतिशत पुगेको छ। विगत पाँच आर्थिक वर्षको पहिलो दुई महिनासम्मको तथ्याङ्क हेर्दा कुल व्यापारमा निर्यातको अंश घट्दै गएको भए तापनि आर्थिक वर्ष २०८२/८३ को भदौसम्म यस्तो अशं बढेको छ।

चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको भदौ महिनासम्मको वस्तु व्यापारको स्थिति (प्रतिशतमा)




स्रोत: भन्सार विभाग

## सेवा व्यापार

४५. आर्थिक वर्ष २०८२/८३ को पहिलो दुई महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रु. २९ अर्ब ४५ करोडको तुलनामा २४.० प्रतिशतले वृद्धि भई रु. ३६ अर्ब ५४ करोड पुगेको छ। यस अवधिमा गत वर्षको सोही अवधिको सेवा खर्च रु. ५७ अर्ब ३८ करोडको तुलनामा १८.० प्रतिशतले वृद्धि भई रू. ६७ अर्ब ६९ करोड पुगेको छ।

४६. आर्थिक वर्ष २०८२/८३ को भदौ महिनासम्म खुद सेवा आय रू. ३१ अर्ब १६ करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू. २७ अर्ब ९३ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

४७. चालु आर्थिक वर्षको पहिलो दुई महिनामा विप्रेषण आप्रवाह रू.३ खर्ब ५२ अर्ब ८ करोड (२५१५.८ मिलियन अमेरिकी डलर) पुगेको छ। यस अवधिमा विप्रेषण आप्रवाह नेपाली रूपैंयामा ३३.१ प्रतिशत र अमेरिकी डलरमा २७.५६ प्रतिशतले बढेको छ।

४८. चालु आर्थिक वर्षको भदौ महिनासम्म श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्यामा १७.९ प्रतिशतले वृद्धि भएको छ। यस अवधिमा पुनः श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्यामा पनि गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १३.१ प्रतिशतले वृद्धि भई ४५ हजार ८ सय ८४ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त सङ्ख्या क्रमशः २.७ प्रतिशत र २६.८ प्रतिशतले बढेको थियो।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४९. आर्थिक वर्ष २०८२/८३ को पहिलो दुई महिनामा चालु खाता र शोधनान्तर स्थिति बचतमा रहेको छ। यस अवधिमा चालु खाता बचत अघिल्लो आर्थिक वर्षको वचत रू. ५४ अर्ब ४१ को तुलनामा उच्च दरले वृद्धि भई रु. १ खर्ब ३० अर्ब ६९ करोड पुगेको छ। आर्थिक वर्ष २०८१/८२ को भदौमा ४० करोड ५६ लाख अमेरिकी डलरले बचतमा रहेको चालु खाता आर्थिक वर्ष २०८२/८३ को सोही अवधिमा थप सुधार भई ९३ करोड ४७ लाख अमेरिकी डलरले बचतमा रहेको छ।

५०. आर्थिक वर्ष २०८२/८३ को पहिलो दुई महिनामा शोधनान्तर स्थिति रु. १ खर्ब ५३ अर्ब ६८ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू. १ खर्ब १ अर्ब ७७ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा २०८१ को भदौ मसान्तमा ७५ करोड ८४ लाखले बचतमा रहेको शोधनान्तर स्थिति २०८२ को सोही अवधिमा १ अर्ब ९ करोड ८९ लाखले बचतमा रहेको छ।

## विदेशी विनिमय सञ्चिति

५१. कुल विदेशी विनिमय सञ्चिति वृद्धि भएको छ। २०८२ भदौ मसान्तसम्ममा कुल विदेशी विनिमय सञ्चिति २०८२ असारमसान्तको तुलनामा ७.६ प्रतिशतले बढेर रू.२८ खर्ब ८१ अर्ब ३५ करोड पुगेको छ। यस अवधिमा अमेरिकी डलरमा कुल विदेशी विनिमय सञ्चिति ४.७ प्रतिशतले बढेर २० अर्ब ४१ करोड ४९ लाख पुगेको छ।

५२. आर्थिक वर्ष २०८२/८३ को पहिलो दुई महिनामा भएको आयातलाई आधार मान्दा बैङ्क तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चितिले १९.७ महिनाको वस्तु आयात तथा १६.० महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

## विनिमय दर

**४. २०८२ असार मसान्तको तुलनामा २०८२ भदौ मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ २.७ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १४०.८४ पुगेको छ। २०८२ असार मसान्तमा उक्त विनिमय दर रु. १३७ रहेको थियो।**

## पर्यटक आगमन

५३. सन् २०२५ को सेप्टेम्बर महिनासम्म नेपाल आउने पर्यटकको सङ्ख्या सन् २०२४ को सोही महिनाको तुलनामा सिमान्त दरले कमी आई ८ लाख १५ हजार २ सय ७३ रहेको छ। गत वर्षको सोही महिनामा उक्त सङ्ख्या ८ लाख १६ हजार ६ सय ३९ रहेको थियो। यसैगरी, सन् २०२५ को अगस्ट र सेप्टेम्बर महिनामा नेपाल आउने पर्यटकको सङ्ख्या १ लाख ६७ हजार ३ सय ९१ रहेको छ। गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या ६.९ प्रतिशतले वृद्धि भई १ लाख ६९ हजार २४ रहेको थियो।

५४. आर्थिक वर्ष २०८२/८३ को पहिलो दुई महिनामा भ्रमण आयमा ९.८ प्रतिशतले वृद्रि भई रु. ११ अर्ब ५८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अबधिमा यस्तो आय रु. १० अर्ब ५५ करोड रहेको थियो। यस अवधिमा भ्रमण व्ययमा ९.६ प्रतिशतले वृद्रि भई रु. ४७ अर्ब ३१ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अबधिमा यस्तो व्यय रु. ४३ अर्ब १८ करोड रहेको थियो।

५५. चालु आर्थिक वर्षको पहिलो दुई महिनामा वैदेशिक अध्ययनमा गएका विद्यार्थीले रु. ३२ अर्ब ७६ करोड रकम मुलुक बाहिर लगेका छन्। गत आ.व.को सोही अवधिमा यस्तो रकम रु. २८ अर्ब २० करोड रहेको थियो। चालु आर्थिक वर्षको पहिलो दुई महिनामा शिक्षा क्षेत्रमा रु. ४६ करोड ४६ लाख रकम भित्रिएको छ।